# बिद्यालय खुल्लाको बारे जानकारी पत्र

बिद्यालय बन्द, स्थान परिवर्तन र समन्वयका कारणले असर भएका आमा बुवा र विद्यार्थीहरुका लागि बिद्यालयको पहिलो दिनकोलागि जानकारी प्रदान गर्न यो पत्र बनाइको हो।






## विद्यार्थी सेवा कार्यालयले संक्रमणको समयमा विद्यार्थीहरुको व्यवहारिक स्वास्थ्यको लागि सहयोग प्रदान गर्छ।

व्येवहारिक स्वास्थ्य समस्या भएका विद्यार्थीहरुलाई संक्रमणको प्रक्रिया सजिलो बनाउन विद्यार्थी सेवा कार्यालयले पारिश्रम गरिरहेको छ।

बन्द भएका बिद्यालयहरुमा व्येवहारिक स्वास्थ्य सेवा प्राप्त गरिरहेका विद्यार्थीहरुले नयाँ बिद्यालयमा पनि चाहिने सहयोग प्राप्त गर्न छन् भनी सुनिश्चित गर्ने, यो कार्यालयको मुख्य लक्ष हो।

"यसो गर्दा शिक्षामा प्राथमिक रुपमा ध्यान केन्द्रित हुनेछ" भनी विद्यार्थी सेवा र संक्रमण कार्यालयका उप प्रमुख एरिका वासिङ्टनले भन्नु भएको छ।



विद्यार्थी र परिवारहरुको सामाजिक र भावुक बिकास बढाउन नयाँ विद्यार्थी प्राप्त गर्ने बिद्यालयहरुले चाँहिदो सहयोग सामाग्री बिद्यालय सल्लाह सेवा (School Therapeutic Service) (एस् टि एस्) (STS) प्रदान गर्नेछ। धेरै विद्यार्थीहरुका लागि यो सेवा बिद्यालयको दिनको महत्वपूर्ण भाग हो, त्येसैले बिद्यालय जिल्लाले नयाँ विद्यार्थी प्राप्त गर्ने बिभिन्न बिद्यालयहरुमा एस् टि एस् (STS) सेवा प्रदान गरेको छ।

यो सेवा बिद्यालयको नियमित दिनहरुमा प्रदान गरिने छ र व्येवहारिक स्वास्थ्य कर्मचारीका साथ एक्लो रुपमा हस्तक्षेप र सल्लाहका साथ-साथै सामुहिक सल्लाह सेवा पनि सम्मिलित हुने छ। विद्यार्थीले शिक्षा प्राप्त गर्ने क्षमतालाई रोक लगाउने व्येवहारिक समस्याहरुको समाधान गर्न एस् टि एस् (STS) अगाडि बड्द्छ र व्येवहारिक स्वास्थ्यको सुधार बढाउने बातावरण पनि बनाउछ।

बिद्यालय सल्लाह सेवा, शहरको बिभाग, समुदाय व्येवहार स्वास्थ्य द्वारा निधी र व्येवस्थापन् गरिएको हो। यो शरद महिनाहरुमा बिद्यालय जिल्लाले यो कार्यक्रम यि बिद्यालयहरुमा लागु गर्ने छ:

जुलिया डिबुरगोस्, विलीयम म्ककिन्ली, जोन हर्टरन्फ्ट, टिलडेन माद्यामिक बिद्यालय, विलीयम डिक, दब्लु डि केल्ली, इ एम स्ट्यानटोन, टेनर डक्री, एबीगेल भेर, रोड्स, एथेल अल्लेन, मोरिस, पटर थोमास, पेन त्रिति, एम्लेन, विस्टर, लीड्स, रोवेन, पेनिप्याकर, पेन्नेल, व्याग्नर, छाईल्ड्स, आर्थर, लोङ्ग्स्त्रेथ, ब्लाङ्केनबर्ग, र हेस्टन।

कार्यक्रमको बारे थप जानकारीको लागि कृपया सि बि यच लाई ८८८ ५४५ २६०० मा संपर्क गर्नु होला।

### हामी कस्तो गर्दै छौं ?

नयाँ शैक्षिक बर्षमा विद्यार्थीहरु प्राप्त गर्ने बिद्यालयहरुको प्रगतीको बारे छोटो जानकारी:

**पुरा भएको प्रतिशत...**

| | |
|---|---|
| विद्यार्थीहरु प्राप्त गर्ने बिद्यालयहरुको सुबिधाहरुको जाँच विद्यार्थीहरु प्राप्त गर्ने बियालयहरुको सुबिधाहरुको जाँच | १००% |
| विद्यार्थीहरु प्राप्त गर्ने बियालयहरु सुधार्न पुरा गरिएको काम | ५३ % |
| विद्यार्थीहरु प्राप्त गर्ने बियालयहरुमा प्रधानाध्यापक सुनिश्चित भएको | ९६ % |
| सि टि इ विद्यार्थीहरुलाई उस्त्तै कार्यक्रममा सरुवा गरिएको | १००% |

## गर्मी महिनामा शिक्षाको हुने क्षति समस्यालाई समाधान गर्न बिद्यालय जिल्ला "स्प्रिङ्गबोर्ड कोलाबोरेटिव" (Springboard Collaborative) सँग साझेदारी गर्दैछ



यो गर्मी महिनामा चार वटा प्राथमिक बिद्यालयहरुमा विद्यार्थीहरुलाई शिक्षा प्रदान गर्न बिद्यालय जिल्लाले "स्प्रिङ्गबोर्ड कोलाबोरेटिव" सँग साझेदारी गर्ने छ।

अनुसन्धानको अनुसार गरीब समुदायाका प्राथमिक बियालयको उमेरका विद्यार्थीहरुले गर्मी महिनाको बेलामा आफ्नो पढाई गर्ने क्षमतामा ठुलो क्षति सामना गर्छन् र उच्च माद्यामिक बिद्यालय का विद्यार्थीहरु मध्ये भएको सफलताको कमी पनि प्राथमिक बिद्यालयमा हुँदा, गर्मी महिनामा भएको क्षति सँग सम्बन्धित छ।

विद्यार्थी शिक्षाका साथ साथै, आमा बुवालाई प्रोत्साहान प्रदान गर्ने प्रणालीमा प्रशिक्षण दिइ, चौथो कक्षा सम्म शिक्षा को असमानता कम गर्न यो कार्यक्रममा बनाइएको हो। यो कार्यक्रम द्वारा विद्यार्थीहरुले महत्वपूर्ण शैक्षिक सुधार प्राप्त गर्न सक्षम बनाउने छ, आमा बुवा र शिक्षकहरु एक अर्का सँग मिली काम गर्न प्रोत्साहन गर्ने छ र बन्द हुने र नयाँ विद्यार्थीहरु प्राप्त गर्ने बिद्यालयहरुका व्येक्तिहरुलाई सेप्टेम्बर महिनामा बिद्यालय खुल्ला हुनु भन्दा अगाडि नयाँ समुदाय बनाउन सहयोग प्रदान गर्छ। यो कार्यक्रम यि बिद्यालयमा लागु गरिने छ:

| स्प्रिङ्गबोर्ड बियालयहरु: | यि बिद्यालयहरु बाट विद्यार्थी प्राप्त हुने छ |
|---|---|
| ब्लेन प्राथमिक बिद्यालय | एल पि हिल प्राथमिक बिद्यालय |
| हार्टेनराफ्ट प्राथमिक बिद्यालय | फरगसन प्राथमिक बिद्यालय |
| मकिन्ली प्राथमिक बिद्यालय | फरगसन प्राथमिक बिद्यालय |
| डक्री प्राथमिक बिद्यालय | एम हल स्टान्टोन प्राथमिक बिद्यालय |

थप जानकारीको लागि springboardcollaborative.org. जानु होला

springboard collaborative
teach • train • transform



- **२०१३-२०१४ सालको शैक्षिक बर्षको लागि आफ्नो बालकको बिद्यालय थाहा पाउनुहोस्।** विद्यार्थी भर्ना र नियुक्ती कार्यालय द्वारा जारी गरेको पत्र पाएको हुनु पर्छ। यदी तपाईंले पत्र पाउनु भएको छैन भने २१५-४००-४२९० संपर्क गर्नु होस्।
- **आउँदो बर्षको बिद्यालय मिती पात्रोको समिक्षा गर्नु होस्।** आर्को सालको शैक्षिक पात्रो अन्लाईन www.philasd.org/calendar/2013_2014. मा उपलब्ध छ। सेप्टेम्बर ९ तारीख बिद्यालयको पहिलो दिन हो।
- थप जानकारी प्राप्त गर्न वेबसाईटमा जानु होला http://www.philasd.org/transitionlistserve

- **यतायात सेवाको योजना बनाउनु होला।** यातायात सेवा कार्यालयले (Office of Transportation Services) बिद्यालय बस र सेप्टा (SEPTA) पास कुन विद्यार्थीले प्राप्त गर्छ बिद्यालय जिल्लाको निती तथा आदेश अनुसार निर्धारित गर्नेछ। तपाईंको बालक यातायात सेवाको लागि योग्य भए, तपाईंले यातायात सेवा कार्यालयबाट पत्र पाउनु हुने छ।
- **बिद्यालयको पोशाक तयार गर्नुहोस्।** बिद्यालय जिल्लाका सम्पूर्ण विद्यार्थीहरुले पोशाक लगाउन अपेक्षित छ। पोशाकको नितीको समिक्षा गर्न कृपया बिद्यालयको वेबसाईट www.philasd.org/schoolopening जानु होला।
- **शिक्षा भेटघाटमा जानु होस्।** अगस्त १० तरीख, बिहान ८ भजे देखी बेलुका ५ बजे सम्मको परिवार र शिक्षा भेटघाट (Family and Education Reunion) मा जानु होस् र पुरस्कारहरु जित्नु होस्, शिक्षिका कार्यशालामा भाग लिनु होस्। यो कार्यक्रम भविष्यको बिद्यालय (School of the Future, 4021 Parkside Ave.), ४०२१ पार्कसाइड अवेनुमा हुने छ।
- **बिद्यालयको बारे जानकारी दिने (Open House) कार्यक्रम मा भाग लिनु होस् :** परिवार र समुदया व्येवसायले (The Office of Family and Community Engagement) बिद्यालयमै गइ बिद्यालयको बारे जानकारी प्रदान गर्ने कार्यक्रमको आयोजना गरेको छ। यो कार्यक्रममा भाग लिने बिद्यालयहरुको सुची जुलाई महिनाको बिच तिर बिद्यालय खुल्ला हुने बारे जानकारी दिने वेबसाईटमा (School Opening Website) दिइएको हुन्छ। www.philasd.org/schoolopening

## “एन एस बि इ” (NSBE) ले स्टेम (STEM) कार्यक्रम प्रदान गर्ने छ

कक्षा ३ देखी ५ सम्मका विद्यार्थीहरुलाई अफ्रिकी अमेरिकि ईन्जिनियरहरुको राष्ट्रिय समाज को बालकहरुलाई गर्मी महिनामा मकड्यानियल्स प्राथमिक बिद्यालयमा (McDaniel Elementary) हुने र गणित र बिज्ञानमा जोड दिने निशुल्क, रमाइलो र तीन हप्ते ईन्जिनियरिङको अनुभव कार्यक्रममा (Summer Engineering Experience for Kids, “SEEK”) निमन्त्रण गरिन्छ।

भाग लिने विद्यार्थीहरुले यि कुराहरु सिक्छन्:

* हातले बनाइको ईन्जिनियरिङ परीयोजनाको साथ स्टेम (“STEM” science, technology, engineering and math - बिज्ञान, टेकनोलोजी, ईन्जिनियरिङ र गणित)
* कोलेजका स्टेम (STEM) विद्यार्थीहरु
* ईन्जिनियरहरुको भूमिका र उत्तरदयित्व

हरेक हप्ता विद्यार्थीहरुले परीयोजना बनाउने छन् र निमत्रण गरिएका आमा बुवाको अगाडि परीयोजनाको प्रदर्सन गर्ने छन्।

यो कार्यक्रम कक्षा ३ देखी ५ का विद्यार्थीहरुको लागि हो। मकड्यानियल्स प्राथमिक बिद्यालय (McDaniel Elementary) 1801 S. 22nd St मा छ। थप जानकारीको लागि www.nsbe.org/seek.aspx, जानु होस् वा २१४ ४०० ५८७२ संपर्क गर्नु होस्।

NSBE

## संपर्क गर्ने फोन नम्बरहरु

| केही कुरा बारे प्रश्न भए... | संपर्क गर्नुहोस् |
|---|---|
| **शैक्षिक सुधार र सहयोग बिभागले** (Academic Enrichment and Support) संगीत, कला, न्रित्य, नाटककला, शारिरिक शिक्षा, बिद्यालयको बाहिरको समय, खेलकुद, पाठ्यशाला, र विश्व भाषाका क्षेत्रमा निर्देशन वेवसाय बिकास प्रदान गर्छ। | २१५ ४०० ५९०२ |
| **उपस्थिती र अनुपस्थिती बिभागले** (Attendance and Truancy) विद्यार्थीहरुको उपस्थिती सुधार्न र अनुपस्थिती कम गर्न सहयोग सेवा प्रदान गर्छ। | २१५ ४०० ४२२० |
| **व्येवसाय र टेकनीकल शिक्षा बिभागले** (Career and Technical Education) व्येवसायिक र टेकनीकल शिक्षामा भाग लिएका विद्यार्थीहरुलाई कार्यक्रम र सेवा प्रदान गर्छ। | २१५ ४०० २३३१ |
| **बाल्यकाल शिक्षा बिभागले** (Early Childhood) जन्म देखी ६ बर्षका बालक र परिवारहरुलाई कार्यक्रम र सेवा प्रदान गर्दछ | २१५ ४०० ४२७० |
| **परिवार र समुदाया बिभागले** (Family & Community Engagement) परिवार र समुदायाका सदस्यहरुलाई बियालय जिल्लाका कार्यक्रम र सेवाहरुमा भाग लिने सहयोग प्रदान गर्छ | २१५ ४०० ४१८० |
| **बहुभाषी शिक्षा बिभागले** (Multilingual Education) बहुभाषी परिवार र विद्यार्थीहरुलाई सहयोग प्रदान गर्छ | २१५ ४०० ४२४० |
| **विद्यार्थी नियुक्ती बिभागले** (Student Placement) विद्यार्थीहरुको सरुवाको अनुरोधको मुल्याङ्कन गर्छ र विद्यार्थीको सरुवा निर्धारित गर्छ। | २१५ ४०० ४२९० |
| **विद्यार्थी रेकोर्ड बिभागले** (Student Records) (ट्रान्स्क्रिप्ट, प्रमाण,अदालतमा बोलाइएको पत्र, अपाङ्ग भएको विवरण जस्ता) विद्यार्थीहरुको रेकोर्ड राख्छ र अनुरोधको अनुसार प्रदान गर्छ | २१५ ४०० ४७८० |
| **बिशेष शिक्षा सेवा** (Specialized Services) बिभागले बिशेष शिक्षा, बिशेष सहयोग र विद्यार्थी स्वास्थ सेवा प्रदान गर्छ | २१५ ४०० ४१७० |
| **विद्यार्थी सुरक्षा बिभाग** (School Safety) बियालयका प्रशासकहरु, प्रहरीहरु, विद्यार्थीहरु, आमा बुवा र समुदायका सदस्यहरु सँग संलग्न भइ बियालय भित्र र बाहिर विद्यार्थीको सुरक्षा सुधार्न काम गर्छ | २१५ ४०० ४७१० |
| **यातायात बिभागले** (Transportation) फिलाडेल्फिया क्षेत्र भित्र सार्वजनिक, गैर सार्वजनिक, चार्टर, धार्मिक र निजी बियालय जाने विद्यार्थीहरुलाई सुरक्षित यातायात सेवा प्रदान गर्छ | २१५ ४०० ४३५० |
| सामान्य जानकारी | २१५ ४०० ४००० |

LIKE US ON facebook

SUBSCRIBE TO OUR YouTube CHANNEL

Follow Us On twitter